# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानीपौवा, नुवाकोट**
**वागमती प्रदेश, नेपाल**

# निर्माण सामाग्री खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**Contract No. 09/SQ/Kakani/Cement/2078-79**
**प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/२९**

यस ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा, नुवाकोट आ.ब. २०७८/०७९ को ककनी गाउँपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस ककनी गाउँपालिका मा संचालित "प्रधानमत्री रोजगार कार्यक्रम अन्तर्गतका" योजनाहरुको लागि आवश्यक सामाग्री शिलबन्दी दरभाउपत्रका माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकोले खरिद बिक्री सम्बन्धि ईजाजतपत्र प्राप्त फर्म/कम्पनी, व्यवसायीले निम्न शर्तको अधिनमा रही दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशीत गरिएको छ ।

**शर्तहरुः**

१. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कार्यालयबाट रु. १,०००।- (रु. एक हजार मात्र) फिर्ता नहुने गरी तिरी अध्यावधिक गरेको व्यवसाय दर्ता ईजाजत पत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.ब. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र सहित निवेदन पेश गरेपछि नियमानुसार सम्बन्धित शिलबन्दी दरभाउपत्र फारम उपलब्ध गराईने छ ।

२. शिलबन्दी दरभाउपत्र फारम साथ लागत अनुमान अंकको ३ प्रतिशतले हुने रु. ३०,०००।- धरौटी बापतको रकम कृषी बिकास बैक लिमिटेड ककनी ४, रानीपौवामा अवस्थित धरौटी खाता नं. ०२१३४०१२५१०३४०४२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको जमानत पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

३. टिपेक्स लगाएको तथा केरमेट गरेको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन ।

४. दरभाउपत्र फारम राखेको खाममा लाहाछाप लगाई खामको बाहिर पट्टि आफ्नो फर्मको नाम ककनी गाउँपालिकाको नाम सम्बोधन गरी "ककनी गाउँपालिका सामाग्री आपुर्ति गर्ने सम्बन्धि कार्य गर्ने बारेको सिलबन्दी दरभाउपत्र" भनि उल्लेख गर्नुपर्नेछ ।

५. दरभाउपत्र दखिला गर्नुपर्ने/दरभाउपत्र खोलिने स्थान ककनी गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा, नुवाकोट ।

६. दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति सूचना प्रकाशित मितिले १६औं दिन अर्थात २०७८/१०/१४ गते (सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट) १२:०० बजे भित्र ।

७. दरभाउपत्र खोलिने मिति सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट) ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने अथवा रद्ध गर्ने सम्पुर्ण अधिकार यस ककनी गाउँपालिका कार्यालयमा सुरक्षीत रहनेछ ।

९. सामाग्री आपूर्ति सम्झौता भएपछि आपूर्ति गर्ने अवधिभर कुनै पनि मुल्य वृद्धि गर्न दिईने छैन ।

१०. दररेट भर्दा अंक र अक्षरमा भर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

११. यस सूचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२. अन्य कुरा बुझ्नु परेमा ककनी गाउँपालिका कार्यालय रोजगार सेवा केन्द्र शाखामा (९८४०६३९६३७) सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**